वार्षिक प्रगति प्रतिवेदन

(आर्थिक वर्ष २०८१/०८२)



बागमती प्रदेश सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

हेटौँडा, नेपाल

वार्षिक प्रगति प्रतिवेदन

आ.व. २०८१/०८२



बागमती प्रदेश सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

हेटौँडा, नेपाल

बागमती प्रदेशको नक्सा



वार्षिक प्रगति प्रतिवेदन

(आर्थिक वर्ष २०८१/०८२)

प्रकाशक : **कृषि तथा पशुपन्छी विकास मन्त्रालय**
बागमती प्रदेश, हेटौंडा, नेपाल
सम्पर्क नं. : ०५७-५२५६४२ । ५५९४५
ईमेल : molmac@bagamati.gov.np
योजना तथा अनुगमन महाशाखा इमेल : pmd.molmac3p@gmail.com
Website : http://molmac.bagamati.gov.np

सर्वाधिकार : **कृषि तथा पशुपन्छी विकास मन्त्रालय, बागमती प्रदेश, नेपाल**

प्रकाशन वर्ष : वि.सं. २०८२ (२०२५)

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
हेटौंडा, मकवानपुर, नेपाल

मन्तव्य

बागमती प्रदेश सरकार, कृषि तथा पशुपन्छी विकास मन्त्रालयद्वारा प्रकाशित यस वार्षिक प्रगति प्रतिवेदन मार्फत मन्त्रालयका नवीन गतिविधि, नीतिगत फड्को र रणनीतिक उपलब्धिहरू सरोकारवालाहरू समक्ष विस्तृत रूपमा प्रस्तुत गर्न पाउँदा मलाई अत्यन्त खुसी लागेको छ। विगतका नीतिगत जग र आधारभूत प्रतिबद्धताहरूलाई आत्मसाथ गर्दै वर्तमान समयमा हामी राष्ट्रिय तथा प्रादेशिक योजनाहरूको नयाँ र परिष्कृत मार्गचित्र अनुसार दृढताका साथ अघि बढिरहेका छौं। राष्ट्रियस्तरमा सफलतापूर्वक कार्यान्वयन भइरहेको १६ औं आवधिक योजनाको मूल संकल्प "सुशासन, सामाजिक न्याय र समृद्धि" लाई मुख्य मर्म मान्दै बागमती प्रदेश सरकारले कृषि क्षेत्रको संरचनागत रूपान्तरण र किसानको हकहित संरक्षणलाई आफ्नो नीतिगत प्राथमिकताको केन्द्रमा राखेको छ। यसै सन्दर्भमा प्रादेशिक तहको नवीनतम नीति तथा कार्यक्रम अन्तर्गत "प्रदेशको शान, परिश्रमी किसान" अभियानलाई मुख्य मार्गदर्शक सिद्धान्त बनाई युवा वर्गलाई लक्षित गरी कृषि उद्यमशीलता, नवप्रवर्तन र व्यापक आधुनिकीकरणका विशेष प्रादेशिक कार्यक्रमहरू तीव्र गतिमा सञ्चालनमा ल्याइएका छन्।

परम्परागत र निर्वाहमुखी कृषिलाई आधुनिक, व्यावसायिक र बजारमुखी उच्च उत्पादनशील क्षेत्रको रूपमा विकास गर्न मन्त्रालयले चक्लाबन्दी, सामूहिक खेती र व्यावसायिक सहकारी खेती प्रणालीलाई थप रणनीतिक रूपमा अगाडि बढाएको छ। जलवायु परिवर्तनका वर्तमान चुनौतीहरूलाई सम्बोधन गर्न प्रादेशिकस्तरमा जलवायु-अनुकूल स्मार्ट कृषि (Climate-Smart Agriculture) फार्महरूको स्थापना र विस्तारमा विशेष लगानी गरिएको छ। मुख्य बाली तथा पशुपन्छीजन्य उत्पादनको उत्पादकत्व बढाउनका लागि उन्नत बिउबिजनमा आत्मनिर्भरता कार्यक्रम, रैथाने बालीको प्रवर्धन र उन्नत पशुनश्ल सुधारलाई व्यापक बनाउँदै प्रादेशिक खाद्य सुरक्षा र पोषण सुनिश्चितालाई सुदृढ तुल्याइएको छ। कृषि क्षेत्रमा युवा जनशक्तिको दिगो आकर्षण र टिकाउपन बढाउनका लागि कृषि तथा पशुपालन व्यवसायमा आबद्ध नयाँ उद्यमीहरूलाई सहुलियतपूर्ण कर्जामा ब्याज अनुदान तथा वास्तविक उत्पादनमा आधारित अनुदान कार्यक्रमलाई पूर्ण रूपमा पारदर्शी, प्रविधिमैत्री र प्रभावकारी बनाउँदै वास्तविक किसानको पहुँच सुनिश्चित गरिएको छ।

१६ औं आवधिक योजनाको मर्म र अन्तर्राष्ट्रिय प्रतिबद्धताहरू अनुरूप हरित अर्थतन्त्र (Green Economy) र वातावरणमैत्री दिगो विकासलाई मन्त्रालयका हरेक साना-ठूला कार्यक्रमहरूमा

सफलतापूर्वक आबद्ध गरिएको छ। बढ्दो सहरीकरण र वातावरणीय असन्तुलनका कारण सिर्जित मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरण गरी किसानहरूको कृषि उपज र पशुधनको रक्षा गर्नका लागि आधुनिक प्रविधि, तारवार र न्यायोचित राहत प्रणालीको विशेष व्यवस्था चुस्त रूपमा मिलाइएको छ। किसानहरूले पसिना बगाएर उत्पादन गरेका कृषि तथा पशुजन्य सामग्रीहरूको उचित बजार मूल्य र बजार सुनिश्चितताका लागि स्थानीय तहसँगको समन्वयमा संकलन केन्द्र, अत्याधुनिक शीत भण्डार (Cold Storage) र व्यवस्थित कृषि बजार पूर्वाधार निर्माणमा सहकारी तथा निजी क्षेत्रसँग सार्वजनिक-निजी साझेदारी मोडेलमा काम भइरहेको छ। कृषि व्यवसाय प्रवर्धन र लगानीमैत्री वातावरण सिर्जना गर्नका लागि आवश्यक कानुनी तथा प्रशासनिक सुधार गर्दै सेवा प्रवाहमा एकद्वार प्रणाली र डिजिटल प्रविधिको प्रयोगलाई उच्च प्राथमिकता दिइएको छ।

प्रस्तुत वार्षिक प्रगति प्रतिवेदन केवल मन्त्रालयका तथ्याङ्क र कार्यहरूको सङ्ग्रह मात्र नभई यो हाम्रो सुशासनप्रतिको अटल प्रतिबद्धता, पारदर्शी कार्यशैली र आगामी दिनमा दिगो कृषि योजना तर्जुमा गर्ने एक बलियो रणनीतिक दस्तावेज हो। यसले विगतका कमजोरीहरूको समीक्षा गर्दै आगामी आर्थिक वर्षका लागि अझ परिष्कृत नीति तथा कार्यक्रमहरू तय गर्न मार्गनिर्देश गर्ने कार्यमा महत्त्वपूर्ण भूमिका खेल्नेछ। अन्त्यमा, प्रादेशिक अर्थतन्त्रको बलियो मेरुदण्डको रूपमा रहेको कृषि क्षेत्रको रूपान्तरण, उत्पादन वृद्धि र स्वाधीन अर्थतन्त्र निर्माणमा अहोरात्र खटिनुहुने सम्पूर्ण मिहिनेती किसान दाजुभाइ तथा दिदीबहिनीहरू, प्रतिबद्ध राष्ट्रसेवक कर्मचारीहरू, प्राविधिकहरू र सरोकारवाला निकायहरूमा हार्दिक धन्यवाद तथा आभार व्यक्त गर्दछु। हामी सबैको एकीकृत, इमानदार र निरन्तर प्रयासबाट मात्र आत्मनिर्भर, खाद्य सुरक्षित र आर्थिक रूपमा समृद्ध बागमती प्रदेश निर्माण हुनेमा म पूर्ण रूपमा विश्वस्त छु।

.....

(मा. मधुसूदन पौडेल)

मन्त्री

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
हेटौंडा, मकवानपुर, नेपाल

मेरो भनाइ

नेपालको संविधानले नागरिकलाई प्रत्याभूत गरेको खाद्य सम्बन्धी हक र दिगो विकास लक्ष्य (SDGs) को शून्य भोक (Zero Hunger) को मार्गचित्रलाई आधार मानी बागमती प्रदेश सरकारले कृषि क्षेत्रको रूपान्तरणलाई उच्च प्राथमिकतामा राखेको छ। जलवायु परिवर्तन र युवा पलायनका समकालीन चुनौतीहरूका बीच साना किसानको संरक्षण गर्दै कृषि क्षेत्रलाई नाफामूलक र मर्यादित व्यवसायका रूपमा विकास गर्न भू-उपयोग नीति, बजार सुनिश्चितता र प्रविधि हस्तान्तरणको एकीकृत खाका आवश्यक देखिएको छ।

राष्ट्रिय कृषि उत्पादनमा बागमती प्रदेशको १७.१ प्रतिशतको योगदान आफैंमा महत्वपूर्ण छ। यस प्रदेशमा रहेको बजारको सामीप्य र भौगोलिक विविधतालाई उपयोग गर्दै मूल्य शृङ्खला (Value Chain) सुदृढीकरण, कृषि-उद्योग स्थापना र कृषि वन (Agro-forestry) को प्रवर्द्धनमार्फत थप रोजगारी सिर्जना गर्ने ठुलो अवसर हामीसामु छ। प्राकृतिक स्रोतको दिगो व्यवस्थापन र रैथाने जैविक विविधताको संरक्षण गर्दै प्रदेशलाई खाद्य सुरक्षामा आत्मनिर्भर बनाउनेतर्फ हाम्रा नीतिहरू केन्द्रित छन्।

यसै पृष्ठभूमिमा, आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित कृषि, पशुपन्छी तथा मत्स्य विकास कार्यक्रमहरूको ऐनाका रूपमा यो वार्षिक पुस्तिका सार्वजनिक गरिएको छ। यसमा समेटिएका प्रगति, तथ्याङ्क र वस्तुनिष्ठ विश्लेषणले विगतको वस्तुस्थितिको मूल्याङ्कन गर्न र आगामी दिनका लागि प्रमाणमा आधारित नीति (Evidence-based Policy) तय गर्न मार्गदर्शकको काम गर्ने मलाई विश्वास छ।

आर्थिक वर्ष २०८१/८२ का कार्यक्रमहरू सफलतापूर्वक कार्यान्वयन गर्ने क्रममा निरन्तर मार्गदर्शन र निर्देशन प्रदान गर्नुहुने माननीय मुख्यमन्त्रीज्यू, माननीय मन्त्रीज्यू, माननीय प्रदेश सभा सदस्यज्यूहरू, प्रदेश नीति तथा योजना आयोगका पदाधिकारीज्यूहरू, प्रमुख सचिवज्यू, विषयगत मन्त्रालयका सचिवज्यूहरू तथा मातहतका सम्पूर्ण कार्यालय प्रमुख एवं कर्मचारीहरूप्रति हार्दिक आभार व्यक्त गर्दछु।

अन्त्यमा, यस पुस्तिकाको तयारीका क्रममा आवश्यक तथ्याङ्क तथा सूचना उपलब्ध गराई सहयोग पुर्याउनेहुने सम्पूर्ण निकायहरू धन्यवादका पात्र छन्। साथै, प्रतिवेदनलाई संकलन, विश्लेषण गरी अन्तिम रूप दिन विशेष योगदान पुर्याउनेहुने योजना तथा अनुगमन महाशाखाका प्रमुख श्री सुजन कँडेल, कृषि अर्थ विज्ञ श्री दिनेश जमरकट्टेल लगायत प्रतिवेदन तयारी कार्यदलका सम्पूर्ण सदस्यहरूलाई विशेष धन्यवाद ज्ञापन गर्दछु।

.....
सुधीर श्रेष्ठ
प्रदेश सचिव

विषय-सूची

परिच्छेद १		
सांगठनिक परिचय		
१.	सङ्क्षिप्त परिचय	१
१.१	पृष्ठभूमिः	१
१.२	दीर्घकालीन सोच	२
१.३	उद्देश्य	२
१.४	लक्ष्य	२
१.५	कार्यक्षेत्र	२
१.६	मन्त्रालयको सँगठनात्मक संरचना तथा जनशक्ति विवरण	३
१.७	बागमती प्रदेश कृषि तथा पशुपन्छी विकास मन्त्रालयको संगठन संरचना	५
	संगठन संरचना	६
	सेवा समूह, पद र तहगत दरबन्दी विवरण	७
१.८	मन्त्रालयको प्राथमिकता	१०
१.९	प्राथमिकता प्राप्त कृषि, पशुपन्छी तथा मत्स्य बाली/वस्तुहरु	११
परिच्छेद २		
आ.व. २०८१/८२ को प्रगति विवरण तथा मुख्य उपलब्धि		
२.१	आ.व. २०८१/८२ मा सम्पादन भएका महत्वपूर्ण कार्यक्रमहरु	१३
२.२	आ.व. २०८१/८२ को मन्त्रालयको प्रगति प्रतिवेदन	१७
२.३	आ.व. २०८१/८२ मा सञ्चालनमा रहेका बहुवर्षीय आयोजनाको प्रगति विवरण	२४
२.४	आ.व. २०८१/०८२ को कार्यालयगत वित्तीय प्रगति विवरण	२५
२.५	मन्त्रालय तथा मातहतका कार्यालयहरुको वार्षिक प्रगति विवरण (प्रदेश कार्यक्रम तर्फ)	२९
२.६	मन्त्रालय तथा मातहतका कार्यालयहरुको वार्षिक प्रगति विवरण (संघीय सशर्त अनुदान)	३२
२.७	वार्षिक नीति तथा कार्यक्रम र बजेट वक्तव्यको प्रगति विवरण	३४
२.८	आ.व. २०८१/८२ मा सञ्चालित मुख्य मुख्य कार्यक्रमहरुको प्रगति विवरण	४२
२.९	आ.व. २०८१/८२ मा सञ्चालित कार्यक्रमहरुबाट हाँसिल प्रतिनिधिमूलक मुख्य उपलब्धीहरुको विवरण	५३
२.१०	आ.व. २०८१/८२ को राजश्व संकलन विवरण	१३४

परिच्छेद ३		
विविध विवरणहरु		
३.१	आ.व. २०८१/८२ मा तयार भएका कार्यविधिहरुको विवरण	१३७
३.२	प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत आ.व. २०८१/०८२ मा सञ्चालित आ.व. २०८०।८१ को निरन्तरताको ब्लकहरुको विवरण	१३९
परिच्छेद ४		
अनुसूचीहरु		
अनुसूची ४.१	कृषि तथा पशुपन्छी विकास मन्त्रालयको नागरिक वडापत्र	१४०
अनुसूची ४.२	हाल सम्म मन्त्रालयको नेतृत्व गर्ने सचिवहरुको विवरण	१४५
अनुसूची ४.३	मन्त्रालयमा कार्यारत कर्मचारीहरुको विवरण	१४६
अनुसूची ४.४	कृषि तथा पशुपन्छी विकास मन्त्रालय मातहत रहेका कार्यालय, फार्म, केन्द्रहरुका कार्यालय प्रमुखहरुको नाम सहित सम्पर्क ठेगाना	१५१
परिच्छेद ५		
प्रदेशस्तरीय कृषि तथा पशुपन्छी सम्बन्धि आधारभुत तथ्याङ्क		
तालिका १	बागमती प्रदेशमा भू उपयोग अवस्था र सिंचित क्षेत्रफल	१५५
तालिका २	Livestock Population by Districts, Fiscal Year 2080/81	१५५
तालिका ३	Milking Population and its Production, Fiscal Year 2080/81	१५६
तालिका ४	Net Meat Production by Districts, Fiscal Year 2080/81	१५७
तालिका ५	Egg Production by Districts, Fiscal Year 2080/81	१५८
तालिका ६	Fish Production by Water Surface Area and by Districts, Fiscal Year 2080/81	१५९
तालिका ७	Wool Production by Districts, Fiscal year 2080/81	१६०
तालिका ८	Yak/Nak/Chauri Population by Districts, Fiscal Year 2080/81	१६१
तालिका ९	Rabbit Population by Districts, Fiscal Year 2080/81	१६१
तालिका १०	Cereal Crops: Paddy: Area, Production and Yield by Districts, Fiscal Year 2080/81	१६२
तालिका ११	Maize-Wheat: Area, Production and Yield by Districts, Fiscal Year 2080/81	१६३
तालिका १२	Millet-Buckwheat-Barley: Area, Production and Yield by Districts, Fiscal Year 2080/81	१६४
तालिका १३	Cash Crops: Area, Production, and Yield by Districts, fiscal year 2080/81	१६५
तालिका १४	Oilseed by commodities and by Districts, fiscal year 2080/81	१६६
तालिका १४	Oilseed by commodities and by Districts, fiscal year 2080/81	१६७
तालिका १५	Fresh vegetables by Districts, fiscal year 2080/81	१६८
तालिका १६	Winter fruits: Area, Productive area, Production and yield, fiscal year 2080/81	१८३
तालिका १७	Summer fruits: Area, Productive area, Production and yield, fiscal year 2080/81	१८५
तालिका १८	Citrus fruits: Area, Productive area, Production and yield, fiscal year 2080/81	१८७
तालिका १९	Area, Production and yield of Pulses by districts, fiscal year 2080/81	१८८
तालिका २०	Major Spice crops by districts, fiscal year 2080/81	१८९

छोटकरी रूप

AI	Artificial Insemination
EFB	European Foulbrood
Ha	Hectare
MT	Metric Tonne
PBS	Pre Basic Seed
PPR	Peste des Petits Ruminants
TPS	True Potato Seed
आ.व.	आर्थिक वर्ष
ब.उ.शी.नं.	बजेट उप शीर्षक नम्बर
न.पा.	नगरपालिका
गा.पा.	गाउँपालिका
कि.मी.	किलोमिटर

परिच्छेद १
सांगठनिक परिचय

१. सङ्क्षिप्त परिचय

१.१ पृष्ठभूमिः

नेपालको संविधानले तीनै तहका सरकारबीचको अन्तरसम्बन्ध सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित हुने गरी संघ, प्रदेश र स्थानीय तहका सरकारको व्यवस्था गरेको छ। संविधानले सबै किसिमका विभेदको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र समृद्धिको आकाङ्क्षा राखेको छ। देशले लिएको आर्थिक समृद्धि, सामाजिक न्यायको राष्ट्रिय आकांक्षालाई आत्मसात गर्दै बागमती प्रदेश सरकारको **"बागमती प्रदेशको रुपान्तरणः आर्थिक समृद्धि र समतामूलक समाज"** दीर्घकालीन सोच पुरा गर्नेतर्फ प्रतिवद्ध रही विकासको मुख्य ईन्जिनको रुपमा रहेको कृषि क्षेत्रको व्यावसायिकरण, जैविक कृषिको प्रवर्धन र कृषिलाई उद्यमका रुपमा विकास र विस्तार गर्न कृषि तथा पशुपन्छी विकास मन्त्रालय प्रतिवद्ध रहेको छ।

आर्थिक गतिविधिका हिसावले करिब ६० प्रतिशत जनसंख्याको मुख्य पेशाको रुपमा रहेको नेपालको कृषि क्षेत्रले कुल गार्हस्थ उत्पादनमा करिब ३५.१६ प्रतिशत योगदान गरेतापनि (***स्रोतः आर्थिक सर्वेक्षण २०८१/०८२***) यस क्षेत्रको उत्पादकत्व र प्रतिस्पर्धात्मक क्षमता न्यून रहेको छ। खेती प्रणालीमा बढी अन्नबाली लगाएता पनि खाद्य व्यापार घाटा बढ्दो रहेको छ। बढ्दो माग सँगसँगै दुध, अण्डा, तरकारी, माछापालनको उत्पादनमा सकारात्मक संकेत देखिए पनि देशको ठुलो जनसंख्याको आवश्यकता पुरा गर्न, गरिबी घटाउन, खाद्य तथा पोषण सुरक्षाको सुनिश्चितता गर्न भने पर्याप्त रहेको छैन। बागमती प्रदेशमा कृषि, पशुपन्छी तथा मत्स्य क्षेत्रको विकास र समृद्धिको लागि यस मन्त्रालयलाई कार्य जिम्मेवारी तोकिएको छ।

पशुपालन क्षेत्रले देशको कुल गार्हस्थ्य उत्पादनमा करिब ७ प्रतिशत र कुल कृषि गार्हस्थ्य उत्पादनमा २४.०१ प्रतिशत योगदान गर्दै आएको सन्दर्भमा पशुपन्छी क्षेत्रको विशेष आर्थिक महत्त्व छ। उत्पादनका साधनको रूपमा रहेको प्रचुर जमिन र दुई तिहाइ उत्पादक शक्तिको रूपमा रहेको किसानलाई जोडेर उत्पादन वृद्धि गरी राष्ट्रिय पुँजीको सृजना गर्न सकिन्छ। यसका लागि कृषिको व्यावसायीकरण, आधुनिकीकरण तथा औद्योगिकीकरण गर्दै कृषिजन्य वस्तुमा आत्मनिर्भर बनाउँदै आयात प्रतिस्थापन र निर्यात प्रवर्धन गरी समाजको अग्रगामी रूपान्तरणको दिशामा अघि बढ्न आजको टड्कारो आवश्यकता बनेको छ ।

नेपाल विश्व व्यापार सङ्गठन तथा विश्व पशु स्वास्थ्य सङ्गठनको सदस्य राष्ट्र भएपश्चात् त्यस्तो राष्ट्रका हैसियतले कृषि तथा पशु विकास क्षेत्रमा पूरा गर्नुपर्ने दायित्व निर्वाह गर्न विकासका विभिन्न साझेदारहरूसँग समन्वय गर्दै कृषि तथा पशुपन्छी विकासका कार्यहरू गर्नुपर्ने देखिन्छ। त्यस्तै दिगो विकासको शुन्य भोकमरी, खाद्य र पोषण सुरक्षा जस्ता लक्ष्य प्राप्त गर्न कृषि तथा पशुपन्छी विकास कार्यक्रमको ठुलो भूमिका रहन्छ। कृषि तथा पशुपन्छी विकासको क्षेत्रमा सार्वजनिक निजी साथै सहकारी

क्षेत्रको लगानी समुचित रूपमा वृद्धि गरी देशलाई कृषि तथा पशुजन्य उत्पादनमा आत्मनिर्भर बनाउन सकिने आवश्यकता र सम्भावना छ।

प्रदेश सरकार, मन्त्रिपरिषद्को मिति २०७८/०८/१५ को निर्णयानुसार प्रदेश सरकार, बागमती प्रदेश (कार्य विभाजन) नियमावली, २०७४ को नियम ७ ले दिएको अधिकार प्रयोग गरी कृषि तथा पशुपन्छी विकास मन्त्रालयको स्थापना भएको छ।

१.२ दीर्घकालीन सोचः

कृषि क्षेत्रको दिगो विकास, खाद्य सम्प्रभूता, आत्मनिर्भर र समृद्ध प्रदेश।

१.३ उद्देश्यः

क. कृषिमा आधुनिकीकरण र व्यावसायिकरण गरी खाद्य र पोषण सुरक्षा गर्दै उद्योग प्रवर्धन गरी निर्यात गर्ने अवस्था सिर्जना गर्ने।

ख. एकीकृत कृषि र पशु सेवाका क्षेत्रमा सेवा प्रवाह सुनिश्चित गरी वृहत्तर उत्पादन क्षेत्र बनाउने।

ग. एकल महिला, जनजाति, आदिबासी, दलित लगायत पिछडिएको समुदायमा लक्षित कृषि तथा पशुपन्छी सम्बन्धी कार्यक्रमहरु सञ्चालन गर्ने।

घ. चक्लाबन्दी गरी कृषिको समग्रमा उत्पादन र उत्पादकत्व वृद्धि गर्ने।

ङ. "One Health Approach" मा आधारित वातावरण विकास तथा पशुपन्छी रोग न्यूनीकरण गर्ने।

च. स्थानीय र रैथाने जातका कृषि तथा पशुपन्छीहरुको संरक्षण र प्रवर्धन गरी जैविक विविधताको संरक्षण एवं उपयोग गर्ने।

१.४ लक्ष्यः

दिगो कृषिको माध्यमबाट प्रदेशलाई खाद्यान्नमा आत्मनिर्भर बनाई उच्च र फराकिलो आर्थिक वृद्धिदर हाँसिल गर्ने।

१.५ कार्यक्षेत्रः

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०८० बमोजिम यस मन्त्रालयको कार्य जिम्मेवारी देहाय बमोजिम रहेका छनः-

क. कृषि, पशु विकास तथा खाद्य पोषण सम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड र योजना तर्जुमा, कार्यान्वयन र नियमन;

ख. कृषि तथा पशुपन्छीजन्य रोग, किरा एवं महामारी नियन्त्रण;

ग. कृषि औद्योगिकीकरण र पशुपन्छी उद्योग व्यवसायको विकास तथा प्रवर्धन;

घ. कृषि तथा पशु यान्त्रिकीकरण र उन्नत औजार विकास तथा विस्तार;

ङ. कृषि तथा पशु रोग निदान प्रयोगशाला व्यवस्थापन र नियमन;

च. कृषि उपज, कृषिजन्य वस्तु, पशुपन्छी, पशुपन्छीजन्य पदार्थ र पशु उत्पादन सामग्री तथा बिउ बिजन एवम् नक्ष सम्बन्धी सेवा र प्रविधिको गुणस्तर निर्धारण, सम्बद्धता निर्धारण, स्तरीयकरण, प्रमाणीकरण र नियमन;

छ. कृषि तथा पशुपन्छी एवं खाद्य प्रविधि सम्बन्धी अध्ययन, अनुसन्धान एवम् विकास तथा प्रवर्धन, तथ्याङ्क प्रणालीको व्यवस्थापन र स्रोत संरक्षण;

ज. कृषि मल, बिउ र विषादी आपूर्ति व्यवस्था र नियमन;

झ. कृषि प्रसार, कृषक तालिम तथा क्षमता विकास र सशक्तीकरण;

ञ. कृषि उपजको न्यूनतम समर्थन मूल्य कार्यान्वयन;

ट. कृषि तथा पशुपन्छी बिमा सम्बन्धी नीति तथा योजना तर्जुमा र कार्यान्वयन;

ठ. कृषि बजार, पूर्वाधार र कृषिफार्म केन्द्रहरुको विकास, विस्तार तथा सञ्चालन

ड. राष्ट्रिय नीति र मापदण्ड बमोजिम पाराभेटको दर्ता, अनुमति, नवीकरण, खारेजी र नियमन;

ढ. सामुहिक खेती तथा कृषि करार खेतीको कार्यान्वयन र प्रवर्धन;

ण. चरन तथा खर्क सम्बन्धी प्रादेशिक नीति तथा कानुन तर्जुमा, कार्यान्वयन र नियमन;

त. कृषिजन्य र पशुपन्छीजन्य औषधि, विषादी र सुक्ष्म पोषणतत्वयुक्त वस्तुको उपयोग र व्यवस्थापन सम्बन्धी प्रादेशिक नीति, कानुन तथा मापदण्ड तर्जुमा र कार्यान्वयन तथा उत्पादन, उपयोग र बिक्री वितरणको अनुमति, अनुगमन र नियमन।

१.६ मन्त्रालयको सँगठनात्मक संरचना तथा जनशक्ति विवरण


मन्त्रालयको स्थापना पश्चात मिति २०७८/१०/०६ मा स्वीकृत मन्त्रालयको सँगठन संरचना र दरबन्दी तेरिज अनुसार मन्त्रालय अन्तर्गत हाल प्रशासन महाशाखा, योजना तथा अनुगमन महाशाखा, कृषि विकास महाशाखा र पशुपन्छी विकास महाशाखा रहेका छन्। यस मन्त्रालय र मन्त्रालय अन्तर्गतका उल्लिखित कार्यालयहरुमा प्राविधिक तथा प्रशासनिक समूहका विभिन्न तहमा गरी ५८३ दरबन्दीको व्यवस्था रहेको छ।

क्र.सं.	कार्यालयको नाम	दरबन्दी
१	कृषि तथा पशुपन्छी विकास मन्त्रालय	४५
२	प्रदेश दुग्ध विकास बोर्ड	मन्त्रालयबाट काजमा खटिने
३	कृषि विकास निर्देशनालय	३३
४	पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय	२१
५	कृषि तालिम केन्द्र, भण्डारा	१६
६	प्रदेश बिउ बिजन गुणस्तर नियन्त्रण केन्द्र	११
७	कृषि विकास कार्यालय, नुवाकोट	१८
८	कृषि विकास कार्यालय, धादिङ	१४

क्र.सं.	कार्यालयको नाम	दरबन्दी
९	कृषि विकास कार्यालय, ललितपुर	२१
१०	कृषि विकास कार्यालय, काभ्रे	१८
११	कृषि विकास कार्यालय, रामेछाप	१७
१२	कृषि विकास कार्यालय, सिन्धुली	१४
१३	कृषि विकास कार्यालय, चितवन	१९
१४	व्यावसायिक किट विकास फार्म, धुनिवेशी, धादिङ	११
१५	व्यावसायिक किट विकास फार्म, भण्डारा, चितवन	१३
१६	व्यावसायिक किट विकास फार्म, चित्तपोल, भक्तपुर	१६
१७	मौरीपालन विकास केन्द्र, भण्डारा, चितवन	१५
१८	बागवानी विकास केन्द्र, सिन्धुली	१२
१९	बागवानी विकास केन्द्र, पाँचखाल, काभ्रेपलान्चोक	१५
२०	बागवानी विकास केन्द्र, त्रिशुली, नुवाकोट	१७
२१	बागवानी विकास केन्द्र, बोंच, दोलखा	१२
२२	बागवानी विकास केन्द्र, दामन, मकवानपुर	१६
२३	पुष्प विकास केन्द्र, गोदावारी, ललितपुर	१५
२४	माटो तथा मल परीक्षण प्रयोगशाला, हेटौंडा, मकवानपुर	१४
२५	बाली संरक्षण प्रयोगशाला, हरिहरभवन, ललितपुर	११
२६	पशु सेवा कार्यालय, नुवाकोट	१७
२७	पशु सेवा कार्यालय, धादिङ	१४
२८	पशु सेवा कार्यालय, ललितपुर	१८
२९	पशु सेवा कार्यालय, काभ्रेपलान्चोक	१५
३०	पशु सेवा कार्यालय, दोलखा	१२
३१	पशु सेवा कार्यालय, सिन्धुली	१७

क्र.सं.	कार्यालयको नाम	दरबन्दी
३२	पशु सेवा कार्यालय, मकवानपुर	१४
३३	पशु सेवा कार्यालय, चितवन	१४
३४	पशु सेवा तालिम केन्द्र, ललितपुर	११
३५	बाख्रा विकास फार्म, चित्लाङ, मकवानपुर	१४
३६	मत्स्य विकास केन्द्र, कुलेखानी, मकवानपुर	११
३७	मत्स्य विकास केन्द्र, भण्डारा, चितवन	१२
	जम्मा	**५८३**


१.७ बागमती प्रदेश कृषि तथा पशुपन्छी विकास मन्त्रालयको संगठन संरचना



बागमती प्रदेश सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

संङ्गठन संरचना



सेवा समूह, पद र तहगत दरबन्दी विवरण

क्र. सं.	पद	तह/श्रेणी	सेवा	समूह/उपसमूह	स्वीकृत दरबन्दी	कैफियत
१.	प्रदेश सचिव	रा.प. प्रथम/ अधिकृत एघारौं तह	कृषि	समूहिकृत नहुने	१	
२.	निर्देशक/ प्रमुख	एघारौं तह	कृषि	कृषितर्फ २ पशुपन्छी तथा मत्स्यतर्फ १ समूहिकृत नहुने	३	
३.	बरिष्ठ कृषि प्रसार अधिकृत	नवौं/दसौं तह	कृषि	कृषि प्रसार	१०	समूहिकृत नहुने ५
४.	बरिष्ठ वागवानी विकास अधिकृत	नवौं/दसौं तह	कृषि	बागवानी	८	समूहिकृत नहुने १
५.	बरिष्ठ मत्स्य विकास अधिकृत	नवौं/दसौं तह	कृषि	मत्स्य	३	
६.	बरिष्ठ पशु विकास अधिकृत	नवौं/दसौं तह	कृषि	ला.पो.डे.डे.	७	समूहिकृत नहुने ५
७.	बरिष्ठ बाली विकास अधिकृत	नवौं/दसौं तह	कृषि	बाली विकास	२	
८.	बरिष्ठ बाली संरक्षण अधिकृत	नवौं/दसौं तह	कृषि	बाली संरक्षण	७	समूहिकृत नहुने १
९.	बरिष्ठ कृषि अर्थ विज्ञ	नवौं/दसौं तह	कृषि	एग्रि.इको.एण्ड मा.	४	
१०.	बरिष्ठ माटो विज्ञ	नवौं/दसौं तह	कृषि	माटो विज्ञान	१	
११.	बरिष्ठ पशु चिकित्सक	नवौं/दसौं तह	कृषि	भेटेरिनरी	५	समूहिकृत नहुने ४
१२.	अधिकृत	नवौं/दसौं तह	प्रशासन	सामान्य प्रशासन	१	
१३.	कृषि प्रसार अधिकृत	सातौं/ आठौं तह	कृषि	कृषि प्रसार	२१	
१४.	बागवनी विकास अधिकृत	सातौं/ आठौं तह	कृषि	वागवानी	१८	
१५.	मत्स्य विकास अधिकृत	सातौं/ आठौं तह	कृषि	मत्स्य	१०	
१६.	पशु विकास अधिकृत	सातौं/ आठौं तह	कृषि	ला.पो.डे.डे.	१७	
१७.	बाली विकास अधिकृत	सातौं/ आठौं तह	कृषि	बाली विकास	८	
१८.	बाली संरक्षण अधिकृत	सातौं/ आठौं तह	कृषि	बाली संरक्षण	१३	

क्र. सं.	पद	तह/श्रेणी	सेवा	समूह/उपसमूह	स्वीकृत दरबन्दी	कैफियत
१९.	कृषि अर्थ विज्ञ	सातौं/ आठौं तह	कृषि	एग्रि.इको.एण्ड मा.	१३	
२०.	माटो विज्ञ	सातौं/ आठौं तह	कृषि	माटो विज्ञान	२	
२१.	पशु चिकित्सक	आठौं तह	कृषि	भेटेरिनरी	१५	
२२.	कृषि इन्जिनियर	साँतौ/ आठौं तह	कृषि	इन्जिनियर	२	
२३.	खाद्य अनुसन्धान अधिकृत	साँतौ/ आठौं तह	कृषि	खाद्य पोषण तथा गुण नियन्त्र	१	
२४.	अधिकृत सातौं	सातौं/ आठौं तह	प्रशासन	सामान्य प्रशासन	४	
२५.	लेखा अधिकृत	सातौं/ आठौं तह	प्रशासन	लेखा	२	
२६.	कानुन अधिकृत	रा.प.तृतीय श्रेणी	न्याय	कानून अधिकृत	१	
२७.	सिभिल इन्जिनियर	सातौं/ आठौं तह	इन्जिनियर	सिभिल	१	
२८.	प्राविधिक सहायक/ अधिकृत	सहायक पाँचौं/ अधिकृत छैठौं	कृषि	कृषि प्रसार	१३	
२९.	प्राविधिक सहायक/ अधिकृत	सहायक पाँचौं/ अधिकृत छैटौं	कृषि	वागवानी	३४	
३०.	प्राविधिक सहायक/ अधिकृत	सहायक पाँचौं/ अधिकृत छैटौं	कृषि	मत्स्य	११	
३१.	पशु सेवा प्राविधिक/ अधिकृत	सहायक पाँचौं/ अधिकृत छैटौं	कृषि	ला.पो.डे.डे.	२२	
३२.	प्राविधिक सहायक/ अधिकृत	सहायक पाँचौं/ अधिकृत छैटौं	कृषि	बाली विकास	३	
३३.	प्राविधिक सहायक/ अधिकृत	सहायक पाँचौं/ अधिकृत छैटौं	कृषि	बाली संरक्षण	३२	
३४.	प्राविधिक सहायक/ अधिकृत	सहायक पाँचौ/ अधिकृत छैठौं	कृषि	एग्रि. .इको.एण्ड मा.	७	
३५.	प्राविधिक सहायक/ अधिकृत	सहायक पाँचौं/ अधिकृत छैटौं	कृषि	माटो विज्ञान	४	
३६.	पशु स्वास्थ्य प्राविधिक/ अधिकृत	सहायक पाँचौ/ अधिकृत छैठौं	कृषि	भेटेरिनरी	१६	
३७.	कृषि सव इन्जिनियर	सहायक पाँचौं/ अधिकृत छैटौं	कृषि	इन्जिनियर	१	

क्र. सं.	पद	तह/श्रेणी	सेवा	समूह/उपसमूह	स्वीकृत दरबन्दी	कैफियत
३८.	प्राविधिक सहायक/ अधिकृत	सहायक पाँचौ/ अधिकृत छैठौं	कृषि	खा. पा. गो. नि.	१	
३९.	सहायक/ अधिकृत	सहायक पाँचौं/ अधिकृत छैटौं	प्रशासन	सा.प्रशासन	२२	
४०.	लेखापाल अधिकृत	सहायक पाँचौ/ अधिकृत छैठौं	प्रशासन	लेखा	२८	
४१.	कम्प्युटर अपरेटर	सहायक पाँचौं/ अधिकृत छैटौं	विविध	विविध	२	
४२.	नायव प्राविधिक सहायक	सहायक चौथो/पाँचौं	कृषि	बागवानी	२	
४३.	नायव प्राविधिक सहायक	सहायक चौथो/पाँचौं	कृषि	मत्स्य	४	
४४.	नायव पशुसेवा प्राविधिक	सहायक चौथो/पाँचौं	कृषि	ला.पो.डे.डे.	७	
४५.	नायव प्राविधिक सहायक	सहायक चौथो/पाँचौं	कृषि	बाली विकास	१	
४६.	नायव प्राविधिक सहायक	सहायक चौथो/पाँचौं	कृषि	बाली संरक्षण	२	
४७.	नायव प्राविधिक सहायक	सहायक चौथो/पाँचौं	कृषि	माटो विज्ञान	३	
४८.	नायव पशुस्वास्थ्य प्राविधिक	सहायक चौथो/पाँचौ	कृषि	भेटेरिनरी	४	
४९.	सहायक	सहायक चौथो/पाँचौं	प्रशासन	सामान्य प्रशासन	१५	
५०.	सहायक	सहायक चौथो/पाँचौं	प्रशासन	लेखा	८	
५१.	हलुका सवारी चालक	श्रेणीविहिन	इन्जिनियर	मेकानिकल	४३	
५२.	कार्यालय सहयोगी	श्रेणीविहिन	प्रशासन	सा.प्रशासन	११८	
					५८३	

१.८ मन्त्रालयको प्राथमिकता

कृषि तथा पशुपन्छी विकास मन्त्रालयले आफ्नो लक्ष्य तथा उद्देश्य प्राप्त गर्न निम्न बमोजिमको कार्यहरुलाई प्राथमिकतामा राखेको छ।

(क) कृषि भूमिको चक्लाबन्दी र एकीकरण गरी खाद्यान्न, तरकारी, नगदे बाली, फलफूल, मत्स्य, मासु, अण्डा, दुध, च्याउ, मह, जडिबुटी जस्ता कृषि उत्पादनको विशिष्टीकृत उत्पादन क्षेत्र निर्धारण गर्ने।

(ख) सहकारी, निजी, सामूहिक तथा करार खेतीमा आधारित एकीकृत कृषि प्रणालीलाई अभियानको रुपमा कार्यान्वयन गर्ने।

(ग) कृषिमा आत्मनिर्भर हुन तथा निर्यातयोग्य कृषि उपजहरुको उत्पादकत्व वृद्धि गर्न प्रत्येक निर्वाचन क्षेत्रमा कम्तीमा एक-एक वटा कृषि फार्म स्थापना र सञ्चालन गर्न निजी क्षेत्र तथा सहकारी संस्थाहरुलाई प्रोत्साहन गर्ने नीति लिने।

(घ) आगामी ३ वर्षभित्र प्रदेशलाई फलफूल, तरकारी, पुष्प, मह, च्याउ, माछा, मासु, अण्डा र दुधमा तथा आगामी पाँच वर्ष भित्र खाद्यान्नमा आत्मानिर्भर बनाउने दिशामा केन्द्रित भई कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने।

(ङ) बाँझिदै गएको खेतीयोग्य जमिनलाई कृषि उत्पादनका लागि उपयोगमा ल्याउन बेरोजगार युवाहरुलाई परिचालन गर्न प्रोत्साहन गर्ने। कृषिमा आधारित विभिन्न फलफूल, दुध, दुधजन्य पदार्थ उत्पादन गर्ने किसानलाई प्रोत्साहन गर्न अनुदान प्रणालीलाई प्रतिफलमा आधारित बनाउने।

(च) सिंचित क्षेत्र विस्तार गरी कृषि उत्पादनमा वृद्धि गर्न डिप बोरिङ्ग, लिफ्ट सिँचाइ, थोपा सिँचाइ, सोलार सिँचाइ जस्ता कार्यक्रम सञ्चालन गर्ने। आकाशे पानी संकलन, भण्डारण, प्लाष्टिक पोखरी, तालतलैयाको उपयोगबाट कृषियोग्य जमिनमा थप सिँचाइको सुविधा पुऱ्याइनेछ। प्राकृतिक तालतलैया संरक्षण एवं नयाँ पोखरी निर्माण गरी मत्स्यपालन प्रवर्धन कार्यक्रम सञ्चालन गर्ने।

(छ) कृषिमा रासायनिक मल तथा विषादी प्रयोग नभएको स्थल पहिचान गरी त्यस्ता क्षेत्रलाई प्राङ्गारीक कृषि क्षेत्र घोषणा गर्ने। "जैविक उत्पादनको लहर, स्वस्थ जीवनको मूल आधार" भन्ने सोच सहित वृहत्तर प्राङ्गारिक कृषि उत्पादन कार्यक्रम सञ्चालन गरिने। आगामी पन्ध्र वर्षभित्र विषादीमुक्त र प्राङ्गारिक प्रदेशको रुपमा विकास गर्ने गरी कार्यक्रम कार्यान्वयनमा ल्याउने।

(ज) विषादीयुक्त फलफूल तथा तरकारीहरुको उपभोगबाट सिर्जित स्वास्थ्यजन्य समस्या सम्बोधन गर्न तथा हरित शहर निर्माणमा योगदान पुर्याउन शहरी क्षेत्रहरुमा उच्च प्रविधियुक्त प्राङ्गारिक शहरी खेती कार्यक्रम प्रवर्धन गर्ने।

(झ) कृषक स्वास्थ्य बिमा, कृषि पकेट क्षेत्र तथा व्यवसायीक पशुपन्छीपालनलाई लक्षित गरी बिमा कार्यक्रम सञ्चालन गर्ने। कृषि प्राविधिक, बेरोजगार तथा विदेशबाट फर्केका युवाहरुलाई सरल ढङ्गबाट सस्तो ब्याजमा कृषि ऋण उपलब्ध गराउन आवश्यक समन्वय र सहजीकरण गर्ने।

(ञ) नेपालको संविधानमा उल्लिखित खाद्य सम्प्रभुताको हक कार्यान्वयन गर्न स्थानीय तहको समन्वय र सहकारितामा रैथाने प्रकृतिका खाद्यान्न उत्पादन तथा उपभोगको संरक्षण, सम्बर्द्धन र प्रवर्धन गर्न आवश्यक कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने।

(ट) सार्वजनिक तथा सरकारी जग्गा, सामुदायिक वन, निजी वन तथा राजमार्ग वरिपरिका क्षेत्रहरुमा फलफूल, चिउरी, अगरउड, रुद्राक्ष, बोधचित्त जस्ता बहुमूल्य तथा उपयोगी बिरुवाहरुको वृक्षारोपण कार्यलाई प्रोत्साहन गर्ने व्यवस्था मिलाउने।

(ठ) कृषि औजार उत्पादन, कृषि उपज भण्डारण तथा प्रशोधन, कृषि थोक बजार तथा बिक्रीस्थल निर्माण जस्ता कार्यहरु सार्वजनिक निजी सहकारीका माध्यमबाट अगाडि बढाउने। उत्पादन क्षेत्रलाई पायक पर्ने गरी प्रत्येक जिल्लामा कम्तीमा एक स्थानमा खाद्य भण्डार, शीत भण्डार र रस्टीक भण्डार निर्माण गर्ने।

(ड) हिमाली क्षेत्रमा चौरीपालन व्यवसायलाई प्रवर्धन गर्न चौरीपालक कृषकहरुलाई प्रोत्साहन गर्ने कार्यक्रम ल्याउने।

(ढ) सार्वजनिक-निजी-सहकारी क्षेत्रको सहभागितामा दुग्ध चिस्यान तथा प्रशोधन केन्द्र विस्तार गर्ने। गुणस्तरीय खाद्य पदार्थको सुनिश्चितता गर्दै स्वस्थ जीवनको आधार निर्माण गर्न प्रदेश खाद्य गुणस्तर परीक्षण संयन्त्र स्थापना गरी कार्यान्वयनमा ल्याउने।

१.९ प्राथमिकता प्राप्त कृषि, पशुपन्छी तथा मत्स्य बाली/वस्तुहरु

यस मन्त्रालयले कृषि तथा पशुपन्छी उत्पादनलाई विशिष्टीकृत गरी जिल्लागत रुपमा प्राथमिकतामा राखेर कार्यक्रमहरु कार्यान्वयन गर्दै आईरहेको छ। बागमती प्रदेश अन्तर्गतका जिल्लाहरुमा प्राथमिकता प्राप्त बाली र वस्तुहरु तालिकामा प्रस्तुत गरिएको छ ।

क्र.सं.	जिल्ला	कृषिजन्य बाली	पशुपन्छी तथा मत्स्यजन्य वस्तु
१	रसुवा	स्याउ, आलु, तरकारी, च्याउ, कागती	याक, रेन्बो ट्राउट, भेडा, चौरी, बाखा
२	नुवाकोट	आलु, स्ट्रबेरी, खाद्यान्न, तरकारी (उच्च प्रविधि), कफी, किवी, च्याउ, अलैंची, कागती, खुर्पानी	रेन्बो ट्राउट, बाखा, भेडा

क्र.सं.	जिल्ला	कृषिजन्य बाली	पशुपन्छी तथा मत्स्यजन्य वस्तु
३	धादिङ	तरकारी (उच्च प्रविधि), मकै, लिची, कागती, सुन्तला	बाख्रा, गाई, भैंसी, रेन्बो ट्राउट, कुखुरा
४	काठमाडौं	पुष्प, तरकारी, च्याउ, कागती, नासपती, कौसी खेती	कुखुरा, गाई
५	ललितपुर	कफी, पुष्प, तरकारी (उच्च प्रविधि), मह, च्याउ, कागती, कौसी खेती	कुखुरा, बाख्रा, भैंसी, रेन्बो ट्राउट
६	भक्तपुर	तरकारी (उच्च प्रविधि), च्याउ, आलु, कागती कौसी खेती	कुखुरा, गाई
७	काभ्रे	कफी, आलु, किवी, स्ट्रबेरी, खाद्यान्न, पुष्प, तरकारी, कागती	गाई, भैंसी, बाख्रा
८	सिन्धुपाल्चोक	किवी, चिया, खाद्यान्न, कफी, आलु, च्याउ, कागती	रेन्बो ट्राउट, गाई, भैंसी, बाख्रा
९	दोलखा	आलु, किवी, स्याउ, तरकारी, अलैंची, कागती, चिया, कफी, हलुवाबेद	रेन्बो ट्राउट, भेडा, गाई, चौरी, बाख्रा
१०	रामेछाप	आलु, किवी, स्याउ, जुनार, चिया, कफी, अलैंची, कागती	रेन्बो ट्राउट, बाख्रा, चौरी, गाई
११	सिन्धुली	जुनार, खाद्यान्न, कटहर, केरा, एभोकाडो, हलुवाबेद, कागती	बाख्रा, माछा, गाई, भैंसी, बंगुर
१२	चितवन	खाद्यान्न, पुष्प, बिउ, तरकारी, केरा, मह, चिउरी, एभोकाडो, हलुवाबेद, लिची, किवी, कागती, सुन्तला, कौशी खेती, तरकारी (उच्च प्रविधि),	बाख्रा, माछा, गाई, भैंसी, कुखुरा, बंगुर
१३	मकवानपुर	तरकारी, अलैंची, मह, च्याउ, चिउरी, नासपती, किवी, आलु, सुन्तला, एभोकाडो, हलुवाबेद, कागती, कौसी खेती	माछा, गाई, बाख्रा, बंगुर, रेन्बो ट्राउट

परिच्छेद २

आ.व. २०८१/८२ को प्रगति विवरण तथा मुख्य उपलब्धि

२.१ आ.व.२०८१/८२ मा सम्पादन भएका महत्वपूर्ण कार्यक्रमहरु

आ.व. २०८१/८२ मा यस मन्त्रालय तथा मातहतका कार्यालयहरुवाट विभिन्न महत्वपूर्ण कार्यक्रमहरु सञ्चालन भएका छन्।

क. प्रदेश कृषि विकास सम्बन्धमा बनेको विधेयक, २०८२ बागमती प्रदेश सभाबाट स्वीकृत भइ कार्यान्वयन भईरहेको।

ख. मन्त्रालय तथा मातहतका कार्यालयहरुको आर्थिक वर्ष २०८१/८२ को वार्षिक स्वीकृत कार्यक्रम सञ्चालनको लागि तयार गरिएको २३ वटा नयाँ तथा १ वटा पुराना कार्यविधिको संशोधन स्वीकृत भएको।

ग. नयाँ सँगठन संरचना तथा दरबन्दी तेरीज स्वीकृत भइ कृषि विकास कार्यालय तथा पशु सेवा कार्यालय नरहेका जिल्लाहरुमा सेवा केन्द्र स्थापना भइ सेवा प्रवाह भइरहेको।

घ. स्थानीय तहसँगको सहकार्यमा समुदायमा आधारित खेती प्रणालीमार्फत कृषि उत्पादनमा स्वनिर्भर वडा निर्माण गर्न ५ वर्षसम्म सञ्चालन हुने गरी आ.व. २०८०/८१ बाट शुरु भएका ४१ वटा वडाहरु तथा आ.व. २०८१/८२ मा छनौट भएका २० वडा गरी जम्मा ६१ वडामा साझेदार सँग सम्झौता भइ कार्यक्रम कार्यान्वयन भएको।

ङ. कृषि, पशुपन्छी तथा मत्स्य क्षेत्रमा प्राकृतिक तथा गैर प्राकृतिक विपदबाट क्षति पुगेका ३३० जना किसान र १६ वटा फर्मलाई रु १ करोड २२ लाख ११ हजार २२० राहत रकम उपलब्ध गराइएको।

च. भेडा बाख्रामा लाग्ने पिपिआर (Peste Des Petits Ruminants) रोग नियन्त्रण तथा रोकथामको लागि २०८१ माघ २४ देखि ३० गतेसम्म बागमती प्रदेशको १३ वटै जिल्लाहरुमा सप्ताहव्यापी खोप अभियान सञ्चालन गरिएको जसमा १५,३२,३२६ भेडा बाख्रालाई पिपिआर रोग विरुद्धको खोप लगाईएको। त्यसैगरी लम्पी स्किन रोग नियन्त्रण तथा रोकथामको लागि ७१,९७७ गाई भैंसीमा खोप नि:शुल्क रुपमा लगाइएको।

छ. पशुपन्छीको रोग अन्वेषण तथा अनुसन्धान गर्न कृषि तथा वन विज्ञान विश्वविद्यालय,रामपुर , चितवनमा बायो सेफ्टी लेभल टु प्लस प्रयोगशाला स्थापनाका लागि भवन निर्माण कार्य सम्पन्न भइ विश्वविद्यालयलाई हस्तान्तरण गरिएको। प्रयोगशाला सञ्चालनमा आएर पशुपन्छीहरुको रोग निदानमा सहयोग पुगेको।

ज. दैनिक करिब ६० हजार लिटर दुधको पाउडर उत्पादन गर्न सक्ने गरी मकवानपुर जिल्लाको हेटौँडामा निर्माण सम्पन्न भएको दुध पाउडर प्लान्टको सञ्चालन विधि/कार्यविधि निर्माण कार्य

अन्तिम चरणमा रहेको, हाल डि.डि.सी. बाट सञ्चालन भइरहेको।

झ. हेटौंडा उपमहानगरपालिकासँगको सहकार्यमा हेटौंडा-११ मा निर्माण सम्पन्न भएको प्रादेशिक कृषि थोक बजार सञ्चालनको लागि लागि निर्देशिका तयारी कार्य भइरहेको। मिति २०८२/०३/१८ गते उक्त बजार हेटौंडा उपमहानगरपालिकालाई हस्तान्तरण गरिएको।

ञ. गुणस्तरीय भेटेरिनरी सेवालाई थप विस्तारका लागि भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, चितवनको परिसरमा आधुनिक भेटेरिनरी अस्पताल निर्माण कार्य सम्पन्न हुने चरणमा रहेको।

ट. पशु स्वास्थ्य तथा क्लिनिकल सेवालाई विस्तार गर्न स्थानीय तहसँगको समन्वयमा प्रदेशका २६ स्थानमा निर्माणाधिन "एक वडा, एक पशु स्वास्थ्य क्लिनिक" मध्ये मकवानपुर ३, सिन्धुली २, रामेछाप २, दोलखा ३, सिन्धुपाल्चोक ३, काभ्रेपलाञ्चोक ५ र चितवन ४ गरी २२ वटाको भवन निर्माण कार्य सम्पन्न भइ सम्बन्धित स्थानीय तहलाई हस्तान्तरण गरिएको।

ठ. विभिन्न मिति र समयमा कृषि सामग्री कम्पनी लि. मार्फत प्राप्त ३०३०६ मे.टन र साल्ट ट्रेडिङ्ग कर्पोरेसनबाट प्राप्ता ९९३६ मे.टन गरि जम्मा ४०२४२ मे.टन युरिया र कृषि सामग्री कम्पनी लि. बाट प्राप्ती १७१५० मे.टन डि.ए.पी मल स्थानीय तहहरुमा बाँडफाँड गरिएको।

ड. कृषि सहुलियतपूर्ण कर्जा (ब्याज अनुदान) कार्यक्रमको शुरुवात गरिएको। साना किसान लघुवित्त वित्तीय संस्था, मकवानपुर मार्फत निवेदन प्राप्तर भएका ४ वटा संस्थालाई १० दिनको रु ४९३१.१४ रुपैयाँ ब्याज अनुदान रकम भुक्तानी गरिएको।

ढ. जम्मा २६४ वटा विषादी खुद्रा बिक्रेता इजाजत पत्र नविकरणको लागि प्लान्ट क्वारेन्टाईन तथा विषादी व्यवस्थापन केन्द्र, हरिहरभवन पठाइएको। प्रदेश विषादी व्यवस्थापन निर्देशिका यथाशिघ्र जारी गरी विषादी खुद्रा बिक्रेता इजाजत पत्र वितरण तथा नविकरण कार्य प्रदेशबाटै गरिने ।

ण. बीउ बिजन आत्मनिर्भर कार्यक्रम अन्तर्गत २ बीउ कम्पनीहरुलाई गुणस्तरिय बीउ उत्पादनको महत्वपूर्ण पक्ष बीउ प्रशोधनको लागि बीउ प्रशोधन गृह निर्माण सहयोग गरिएको जसमा दुबै गरी करिब १०० मे.टन. बीउ बिजन भण्डारण गर्न सकिने छ। त्यसैगरी लार्ज प्लट डेमोन्सट्रेसन अन्तर्गत रामपुर हाईब्रिड-१० मकैमा सिन्धुली जिल्लाको हरिहरपुरगढी गाँउपालिका मा ०.७६ हेक्टरमा बीउ उत्पादन गरिएको जसमा गाँउपालिकाको २, ३ र ४ नं वडाका मकैखेती गर्ने र हाईब्रिड बीउ प्रयोग गर्ने करिब २८० कृषक प्रत्यक्ष र गाँउपालिका परिसरमै गरिएको प्रदर्शन भएकोले गाँउपालिकाका अन्य वडाका करिब ६५० हाईब्रिड बीउ प्रयोगकर्ता कृषक अप्रत्यक्ष रुपमा लाभान्वित भएको।

त. कृषि ज्ञान रत्न प्रवर्धन कार्यक्रम अन्तर्गत उच्च शिक्षा (स्नातक, स्नातकोत्तर र विद्यावारिधी) हाँसिल गरी सोको उपयोग कृषि तथा पशुपन्छी क्षेत्रमा गर्न इच्छुक २९ जना कृषकहरुलाइ

अनुसन्धानमुलक कार्यका लागि सहयोग गरिएको।

थ. प्रदेशभित्र उन्नत जातका गाई, भैँसी, बंगुर, बाख्राहरुको उपलब्धताको सुनिश्चितता गर्न निजी क्षेत्रसँगको सहकार्यमा भैँसी ३, गाई २, बाख्रा १ र बंगुर ३ गरी ९ वटा श्रोत केन्द्रहरुको स्थापना गरिएको।

द. मुल्य श्रृंखला विकास कार्यक्रम अन्तर्गत कृषि तर्फ १७ जना तथा पशुपन्छी तर्फ ९ जना गरी जम्मा २६ जना साझेदारलाई विभिन्नत बाली वस्तुको प्रशोधन, भण्डारण तथा बजारिकरणमा सहयोग गरिएको।

ध. बिउ उत्पादन प्रवर्धन तथा क्षेत्र विस्तार सहयोगका लागि श्रोत बिउ/उन्नत बिउ तथा उत्पादन सामाग्री सहयोग (खाद्यान्न बाली) कार्यक्रम अन्तर्गत चितवन जिल्लामा ९६१ हेक्टर श्रोत/उन्नत बीउ उत्पादनका लागि १२५३ जना कृषकहरुलाइ १ करोड ४४ लाख ९५ हजार रुपैयाँ प्रोत्साहन रकम उपलब्ध गराइएको।

न. प्रदेशमा बीउ उत्पादन गर्ने कृषकहरुलाई प्रोत्साहन गर्न संघीय सशर्त अनुदान कार्यक्रम अन्तर्गत उन्नत बीउमा जम्मा ६४ लाख २ हजार रुपैयाँ प्रोत्साहन रकम उपलब्ध गराइएको।

प. प्रदेशभर ३१२२.७२ हेक्टर क्षेत्रफलमा विभिन्न स्तरका बिउ बालीको निरिक्षण गरी ६२१ वटा बिउको नमुना परिक्षण गर्दा १८३.९५ मे.टन. बिउ प्रमाणिकरण (गुणस्तर परीक्षण) गरिएको।

फ. कृषि तथा पशुपन्छी उद्यमशिलता विकास कार्यक्रम अन्तर्गत २४९ जना कृषि उद्यमीहरुलाई उद्यम विकासमा सहयोग गरिएको।

ब. मागमा आधारित जिविकोपार्जन सहयोग कार्यक्रम अन्तर्गत २७१ जना विपन्न कृषकहरुलाइ कृषि कार्यक्रम सञ्चालनमा सहयोग गरिएको।

भ. विभिन्न बालीको उत्पादन प्रवर्धन कार्यक्रमबाट व्यवसायिक तरकारी खेती २४४ हे., खाद्यान्न बाली १३६ हे., चैते धान ५३४ हे., मसिनो धान ४३६ हे., तेलहनबाली ३६ हे., कफी २५ हे., फलफूल ७३ हे. क्षेत्र विस्तार गरिएको। गाई/भैँसी, बाख्रा, चौरी, बंगुर प्रवर्धन कार्यक्रमबाट पशु वस्तुको संख्यामा वृद्धि भएको।

म. जग्गा भाडामा लिइ व्यवसायिक केरा खेती गर्ने कृषकहरुलाइ प्रोत्साहन गर्न ७३ जना कृषकहरुलाई ४९० हेक्टर केरा खेतीमा ९७ लाख ५६ हजार रुपैयाँ जग्गा भाडामा प्रोत्साहन उपलब्ध गराइएको।

य. बागवानी विकास फार्म केन्द्रहरूबाट फलफूल तथा तरकारी, फलफूल तथा तरकारी बेर्ना, बीउ आदिको बिक्री वितरणबाट जम्मा १ करोड ६० लाख ७८ हजार रूपैँया राजश्व आम्दानी भएको तथा पुष्प विकास केन्द्रबाट फूल तथा आलङ्कारिक कृषि वस्तुहरुको बेर्ना बिक्री वितरणबाट ६९ लाख १५ हजार रूपैँया राजश्व आम्दानी भएको।

र. मत्स्य विकास केन्द्रहरुबाट ह्याचलिङ्ग, फ्राई, फिङ्गरलिङ्ग र खाने माछा उत्पादन तथा बिक्री वितरणबाट जम्मा ५५ लाख ३१ हजार राजश्व आम्दानी भएको।

ल. माटो तथा मल परिक्षण प्रयोगशालामा आएका २३८९ वटा माटोको नमुना परीक्षण गरी नतिजाको आधारमा प्राविधिक सल्लाह उपलब्ध गराइएको। प्रदेशभर १० वटा घुम्ती शिविर सञ्चालन गरी ३५३७ वटा माटोको नमुना परीक्षण गरी नतिजाको आधारमा प्राविधिक सल्लाह उपलब्ध गराइएको। त्यसै गरि विदुर नगरपालिका, कृषि विकास कार्यालय, नुवाकोट र माटो तथा मल परिक्षण प्रयोगशालाको सह-आयोजनामा विश्व माटो दिवश कार्यक्रम सञ्चालन गरिएको र उक्त कार्यक्रममा १०५६ वटा माटो नमुनाको पि.एच परीक्षण गरी परीक्षण नतिजाका आधारमा २० मे.टन. कृषि चुन प्रयोगशालाबाट निशुल्क उपलब्ध गराइएको।

व. २७६ वटा साना सिँचाइ आयोजना निर्माण कार्य सम्पन्न भएको जसबाट थप ४१६ हेक्टर सिंचित जमिनको क्षेत्रफल विस्तार भएको।

श. कृषि विकास कार्यालय धादिङ्ग, चितवन, सिन्धुली, नुवाकोट र ललितपुर अन्तर्गतका कृषकहरुलाइ प्राङ्गारिक मलमा प्रति के.जी रु. १० को दरले जम्मा २१ लाख १० हजार रुपैयाँ सहुलियत प्रदान गरिएको।

ष. सहकारीद्वारा सञ्चालित दुग्ध चिस्यान केन्द्रहरुलाई विद्युत खपत महशुलमा ३४ लाख ९९ हजार ९ सय ७९ रुपैयाँ अनुदान उपलब्ध गराइएको। फ्लोटिङ्ग फिस फिड उद्योगलाई विद्युत खपत महशुलमा ४ लाख ९९ हजार ९ सय ९९ रुपैयाँ र मत्स्यपालक कृषक/व्यवसायीहरुलाई विद्युत खपत महशुलमा २ लाख ९० हजार अनुदान उपलब्ध गराइएको।

२.२ आ.व. २०८१/८२ को मन्त्रालयको प्रगति प्रतिवेदन

(रु लाखमा)

क्र.स.	कार्यक्रम / क्रियाकलाप	खर्च शीर्षक	इकाई	वार्षिक लक्ष्य			वार्षिक प्रगति			वार्षिक प्रगति प्रतिशत		कैफियत
				परिमाण	भार	बजेट	परिमाण	भारित प्रगति	खर्च	वित्तिय	भारित	
अ) पूँजीगत खर्च अन्तर्गतका कार्यक्रमहरु												
११.१.२.५९	फलफुल तथा तरकारी भण्डारणका लागि साझेदारीमा शीत भण्डार निर्माण (निरन्तरता) (बहुवर्षिय)	३१११२	संख्या	१०	२२.२२	६००		०.११४२	३.०८४६४	०.५१४१	०.५१४१	
११.१.२.१७२	भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, चितवनको परिसरमा आधुनिक भेटेरिनरी अस्पताल निर्माण(निरन्तरता)	३१११२	संख्या	१	९.२६	२५०	१	८.७९७	११८.३८६३	४७.३५५	९५	
११.३.२.११	चारपांग्रे सवारी साधन खरिद	३११२१	संस्था	१	४.३५	११७.५		४.२३८९	११४.५	९७.४४७	९७.४४७	
११.३.७.६	डेस्कटप सेट	३११२२	संख्या	४	०.१५	४		०.११०२	२.९३८	७३.४५	७३.४५	
११.३.७.१८६	ल्यापटप खरिद	३११२२	संख्या	५	०.२२	६		०.१६५७	४.५२	७५.३३३	७५.३३३	
११.३.७.१८८	प्रिन्टर खरिद ३ in १	३११२२	संख्या	१	०.०३	०.८		०.०२३३	०.६२१५	७७.६८८	७७.६८८	
११.३.७.१९३	इन्भरटर सेट जडान	३११२२	सेट	३	०.११	३		०.०८८३	२.४०७४६	८०.२४९	८०.२४९	
११.३.१७.९	टेलिभिजन खरीद	३११२२	संख्या	१	०.०४	१		०.०३५७	०.८९२७	८९.२७	८९.२७	
११.३.२२.१०६	डिस्प्ले मनिटर खरीद	३११२२	संख्या	१	०.०६	१.५		०.०५८८	१.४६९	९७.९३३	९७.९३३	
११.५.४२.२	कार्यालय भवनको मर्मत/रङरोगन/वायरीङ्	३११६१	संख्या	१	०.१९	५		०.१८७६	४.९३५७४	९८.७१५	९८.७१५	
११.६.१३.१	कार्यालयको लागि फर्निचर तथा फिक्चर्स	३११२३	पटक	१	०.३७	१०		०.३६२	९.७८४५७	९७.८४६	९७.८४६	

क्र.स.	कार्यक्रम / क्रियाकलाप	खर्च शीर्षक	इकाई	वार्षिक लक्ष्य			वार्षिक प्रगति			वार्षिक प्रगति प्रतिशत		कैफियत
				परिमाण	भार	बजेट	परिमाण	भारित प्रगति	खर्च	वित्तिय	भारित	
११.६.२५.४५	आ.व. २०७९।८० को क्रि.न. ११.४.२२.७३ मानव र वन्यजन्तुबीच द्वन्द्व न्यूनिकरण तथा कृषि बाली सुरक्षाका लागि चितवन राष्ट्रिय निकुञ्ज तथा मध्यवर्ती क्षेत्रका उपभोक्ता र स्थानीय तहको समन्वयमा कसानचोक देखि पश्चिम खैरहनी-१२ र रत्ननगर-६ बद्रेनिमा पर्खाल निर्माण(निरन्तरता) कार्यक्रम अन्तर्गत सम्पन्न भएको निर्माण कार्यको बील अनुसारको बाकी रकम धिरज निर्माण सेवा, इनरुवा, रौतहटलाइ भुक्तानी गर्ने	३११५९	पटक	१	०.९३	२५		०.८१८६	२२.००६०६	८८.०२४	८८.०२४	
११.६.२५.४९	हस्तान्तरण भएका शीतभण्डार गृहहरुमा प्रशासनिक भवन, शौचालय तथा वारबन्देज निर्माण	३११५९	पटक	१	५.५५	१५०		०	०	०	०	
११.६.२५.५०	एक वडा एक पशु स्वास्थ्य क्लिनिक स्थापना(निरन्तरता)	३११५९	पटक	१	३.७	१००		१.५८२८	४२.७७८६६	४२.७७९	४२.७७९	
क) पूँजीगत खर्च कार्यक्रमको जम्मा:				३२	४७.१८	१२७४		१६.५८३	३२८.३२४६	२५.७७५	३५.१४९	
आ) चालु खर्च अन्तर्गतका कार्यक्रमहरु												
१.१.१.२	अधिकृतस्तर एघारौं	२११११	जना	०	०.३७	९.९५		०.०२८७	०.७७०४२	७.७४२९	७.७४२९	
१.१.१.३	अधिकृतस्तर दशौं	२११११	जना	०	१.४७	३९.८		१.४६८५	३९.७६०५२	९९.९०१	९९.९०१	
२.१.१.३	धाराको महशुल	२२१११	महिना	७००	०.११	२.९४		०.००५	०.१३३१	४.५२७२	४.५२७२	
१.१.१.५	अधिकृतस्तर आठौं	२११११	जना	०	३.७९	१०२.४		१.००८५	२७.२३६२३	२६.६०८	२६.६०८	
१.१.१.६	अधिकृतस्तर सातौं	२११११	जना	०	२.१२	५७.१६		१.१०२	२९.७११५	५१.९८	५१.९८	
२.१.१.६	विद्युत महसुल	२२१११	महिना	१५००	०.३३	९		०.०४७	१.२८२५९	१४.२५१	१४.२५१	
१.१.१.७	अधिकृतस्तर छैटौं	२११११	जना	०	१.७५	४७.१६		१.६५८७	४४.६९८८६	९४.७८१	९४.७८१	

क्र.स.	कार्यक्रम / क्रियाकलाप	खर्च शीर्षक	इकाई	बार्षिक लक्ष्य			वार्षिक प्रगति			वार्षिक प्रगति प्रतिशत		कैफियत
				परिमाण	भार	बजेट	परिमाण	भारित प्रगति	खर्च	वित्तिय	भारित	
१.१.१.८	सहायकस्तर पाँचौं	२१११११	जना	०	१.२२	३२.८९		०.७००१	१८.८७५१२	५७.३८९	५७.३८९	
१.१.१.५३	सुविधाको प्रोत्साहन पारिक्षमिक	२१११११	जना	०	०.१७	४.६८		०.१४३४	३.९४८२३	८४.३६४	८४.३६४	
२.१.३.४	जारको पिउने पानी	२२१११	महिना	३२५	०.११	२.९३		०.००६२	०.१६५६	५.६५१९	५.६५१९	
८.१.५.१	कार्यालयको लागि गोदाम	२८१४२	वटा	१	०.७४	२०		०.४३८१	११.८४१५	५९.२०८	५९.२०८	
२.१.६.३	टेलिफोन महशुल	२२११२	महिना	९००	०.१२	३.२४		०.०३३९	०.९१५	२८.२४१	२८.२४१	
२.१.७.५	ईमेल/ इन्टरनेट/वेवसाइट महसुल	२२११२	महिना	१२	०.२	५.५२		०.१४१	३.८९०९२	७०.४८८	७०.४८८	
२.१.९.१	हुलाक/कुरियर खर्च	२२११२	जना	१	०.०२	०.६		०.००४९	०.१४७५	२४.५८३	२४.५८३	
१.२.२.२	कर्मचारीको महंगी भत्ता	२११३२	जना	६०	०.५३	१४.४		०.२८८३	७.८३३९९	५४.४०३	५४.४०३	
२.२.२.२	पेट्रोल- दुई पाङ्ग्रे	२२२१२	लीटर	३६००	०.२३	६.३		०.२३	६.३	१००	१००	
२.२.२.३	डिजेल	२२२१२	लीटर	१०५००	०.६६	१७.८६		०.४१२३	११.१५७७९	६२.४७४	६२.४७४	
२.२.२.४	मोबिल	२२२१२	लीटर	३००	०.०७	१.८		०	०	०	०	
२.२.३.२	ग्याँस	२२३१४	संख्या	३०	०.०२	०.६		०.०२	०.६	१००	१००	
२.२.३.६	सवारी साधन बाहेकका मेसिनरी औजारमा प्रयोग हुने इन्धन खर्च	२२३१४	लीटर	८००	०.०५	१.३६		०	०	०	०	
१.२.४.१	समितिको बैठक भत्ता	२११३४	पटक	१०	०.५६	१५		०.५५७४	१४.९३१	९९.५४	९९.५४	
१.२.४.२२	प्रारम्भिक वातावरणीय परीक्षण(IEE) प्रतिवेदन अध्ययन समितिको बैठक	२११३४	पटक	२	०.१२	३.२		०.१२	३.१९९	९९.९६९	९९.९६९	
१.२.८.१	प्रसुती स्याहार भत्ता	२११३९	जना	६	०.०१	०.३		०.००३३	०.१	३३.३३३	३३.३३३	
१.२.१०.१	पाले पहरा भत्ता	२११३९	जना	१	०.०२	०.५५		०.०१५८	०.४३५५	७९.१८२	७९.१८२	
१.३.१.१	निजामती कर्मचारीहरुको पोशाक खर्च	२११२१	जना	४५	०.१७	४.५		०.१२४७	३.३	७३.३३३	७३.३३३	
२.३.१.२	हलुका सवारी साधन मर्मत खर्च	२२२१३	वटा	५	०.५६	१५		०.५६	१४.९९९९९	१००	१००	
२.३.१.३	दुई पाङ्ग्रे सवारी साधन मर्मत खर्च	२२२१३	वटा	२०	०.११	३		०.०५८७	१.६००७५	५३.३५८	५३.३५८	
२.३.२.१	कम्प्यूटर/ल्यापटप मर्मत खर्च	२२२२१	वटा	२०	०.०७	२		०.०४७९	१.३६९११	६८.४५६	६८.४५६	
२.३.२.२	फोटोकपी/स्क्यानर मर्मत खर्च	२२२२१	वटा	१४	०.०५	१.४		०.०१९५	०.५४६४१	३९.०२९	३९.०२९	
२.३.२.३	जेनेरेटर मर्मत खर्च	२२२२१	वटा	१	०.१९	५		०.०२६२	०.६९०४२	१३.८०८	१३.८०८	
२.४.१.१	कार्यालयमा दैनिक प्रयोगमा आउने मसलन्द सामाग्री तथा सेवा	२२३११	महिना	१२	०.७८	२१		०.७७९४	२०.९८२७३	९९.९१८	९९.९१८	

क्र.स.	कार्यक्रम / क्रियाकलाप	खर्च शीर्षक	इकाई	वार्षिक लक्ष्य			वार्षिक प्रगति			वार्षिक प्रगति प्रतिशत		कैफियत
				परिमाण	भार	बजेट	परिमाण	भारित प्रगति	खर्च	वित्तिय	भारित	
२.४.१३.१	पत्रपत्रिका तथा पुस्तिका(कार्यालय सामान तथा सेवा)	२२३१५	पटक	१८	०.०७	१.८		०.०६८२	१.७५२८३	९७.३८	९७.३८	
२.४.१४.१	विज्ञापन तथा सूचना प्रकाशन	२२३१५	पटक	३३	०.१८	४.९५		०.०५७	१.५६६२२	३१.६४१	३१.६४१	
२.५.३.१०३	आधुनिक कृषि औजार उपकरण प्रयोगको प्रभावकारिता अध्यन	२२४११	संख्या	१	०.१८	४.८	१	०.१८	४.४९७४	९३.६९६	१००	
२.५.३.१२०	पतकरवाट मल वनाउने सम्बन्धि अध्ययन	२२४११	पटक	१	०.१९	५	०	०	०	०	०	
२.५.३.१२१	कृषि मन्त्रि किसान सम्बाद कार्यक्रम (रेडियो/टि.भी. कार्यक्रम)	२२४११	संख्या	२	०.१८	४.९८	२	०.१८	४.७७७७३	९५.९३८	१००	
२.५.३.१२४	बागमती प्रदेशमा गाँजाको वहुउपयोगिता सम्वन्धी अध्ययन	२२४११	पटक	१	०.०७	२	०	०	०	०	०	
२.५.३.१२५	बागमती प्रदेशका सवै जिल्लाहरुमा कृषि उपज बजार केन्द्र स्थापनाको लागि सम्भाव्यता अध्ययन	२२४११	पटक	१	०.१९	५	०	०	०	०	०	
२.५.३.१२६	काठमाण्डौं जिल्लामा व्यवस्थित पशुपन्छी वधशाला स्थापनाको लागी सम्भाव्यता अध्ययन	२२४११	पटक	१	०.१९	५	०	०	०	०	०	
२.५.५.१	मन्त्रालयको वेवसाइट, सूचना प्रणाली तथा सफ्टवेयर संचालन	२२४१२	पटक	१	०.११	३	०	०	०	०	०	
२.५.७.१	कार्यालय सहयोगी करारमा लिने	२२४१३	संख्या	५	०.५५	१४.८३	५	०.५५	१४.८२१२	९९.९४१	१००	
२.५.७.२	ह.स.चा. करारमा लिने	२२४१३	संख्या	५	०.६१	१६.५७	५	०.६१	१६.३१८६२	९८.४८३	१००	
२.५.७.१५	करारका कर्मचारीहरुलाई चाड बाड खर्च	२२४१३	संस्था	१०	०.१	२.७	१०	०.१	२.४७०२	९१.४८९	१००	
२.५.७.१७	कम्प्युटर अप्रेटर करारमा लिने	२२४१३	संख्या	१	०.१५	४.१७	१	०.१५	४.१६७६	९९.९४२	१००	
२.५.७.३३	करारका कर्मचारीहरुलाई पोसाक खर्च	२२४१३	संख्या	४०	०.१५	४		०.०७५	२	५०	५०	
२.५.७.४२	करारको कम्प्युटर अपरेटरलाई चाड बाड खर्च	२२४१३	संख्या	१	०.०१	०.३५		०.००९९	०.३४७३	९९.२२९	९९.२२९	

क्र.स.	कार्यक्रम / क्रियाकलाप	खर्च शीर्षक	इकाई	वार्षिक लक्ष्य			वार्षिक प्रगति			वार्षिक प्रगति प्रतिशत		कैफियत
				परिमाण	भार	बजेट	परिमाण	भारित प्रगति	खर्च	वित्तिय	भारित	
२.५.७.७८	कृषि प्राविधिकहरु करारमा लिने(कृषि विकास अधिकृत ८, पशु सेवा अधिकृत ९, पशु स्वास्थ्य प्राविधिक ८)	२२४१३	जना	२५	४.९८	१३४.४		४.३१३	११६.३९९२	८६.६०७	८६.६०७	
२.५.१०.२५	सुरक्षा गार्ड, माली तथा भान्से करारमा लिने	२२४१९	जना	४	०.४३	११.५२		०.३४६९	९.२९४५२	८०.६८२	८०.६८२	
२.६.१.१	कर्मचारीहरुको क्षमता अभिवृद्धि तालिम	२२५११	पटक	१	०.१९	५		०.०५५८	१.४६९३२	२९.३८६	२९.३८६	
१.६.२.१	योगदानमा आधारित निवृतभरण तथा उपदान खर्च	२१२१२	संख्या	१५	०.२	५.४		०.०८८	२.३७५५५	४३.९९२	४३.९९२	
२.६.३.१५	बीमा सम्बन्धि Online Software सम्बन्धि कर्मचारीलाइ अभिमुखिकरण तालिम	२२५११	पटक	१	०.१९	५	०	०	०	०	०	
१.६.४.१	स्थायी कर्मचारीको योगदानमा आधारित बीमा कोष	२१२१३	संख्या	६०	०.११	२.८८		०.०३९८	१.०४२२६	३६.१९	३६.१९	
२.६.५.१३६	खाद्य स्वच्छता तथा गुणस्तर सम्बन्धि विद्यालय सचेतना कार्यक्रम	२२५१२	पटक	३	०.१७	४.५	३	०.१७	२.४३५१४	५४.११४	१००	
२.६.५.१३७	खाद्य व्यवसायीलाइ खाद्य स्वच्छता अभिवृद्धि सम्बन्धि सचेतना कार्यक्रम	२२५१२	पटक	३	०.११	३	३	०.११	२.२१३१६	७३.७७२	१००	
२.६.६.१८९	कृषि तथा पशुपन्छी सम्वन्धी गोष्ठी, दिवस, समारोह सञ्चालन	२२५१२	पटक	१०	०.२२	६		०.०४५५	१.२४०३	२०.६७२	२०.६७२	
२.६.६.२६६	वेरूजु सम्परिक्षण सम्बन्धी कार्यशाला गोष्ठी	२२५१२	पटक	१	०.१९	५		०.०८२९	२.१८१४	४३.६२८	४३.६२८	
२.६.६.२७०	Research-Extension and Education (REE) Forum सम्बन्धि बैठक	२२५१२	पटक	१२	०.१६	४.२	०	०	०	०	०	
२.६.६.२७१	FMD रोग नियन्त्रणको लागि Zoning तथा compartmentalization सम्वन्धी सरोकारवालाहरुसँग अन्तर्क्रिया	२२५१२	पटक	१	०.११	३	१	०.११	१.०२६५२	३४.२१७	१००	
२.६.६.२७२	हस्तान्तरण भएका शीतभण्डार गृहहरु संचालन सम्बन्धि स्थानीय तहका प्रमुख, उप-प्रमुख तथा सरोकारवालासँग अभिमुखिकरण कार्यक्रम	२२५१२	पटक	१	०.०८	२.१४	०	०	०	०	०	

क्र.स.	कार्यक्रम / क्रियाकलाप	खर्च शीर्षक	इकाई	वार्षिक लक्ष्य			वार्षिक प्रगति			वार्षिक प्रगति प्रतिशत		कैफियत
				परिमाण	भार	बजेट	परिमाण	भारित प्रगति	खर्च	वित्तिय	भारित	
२.६.७.१	प्रदेश कृषि ऐन तथा नियमावली तर्जुमा	२२५२२	पटक	१	०.१	२.८	०	०	०	०	०	
२.७.१५.११५९	अनलाईन मार्फत कृषि, पशुपन्छी र मत्स्यसम्बन्धि जानकारीमूलक सूचना तथा प्रविधि प्रसार	२२५२२	पटक	२०	०.०७	२		०.०४३८	१.२५	६२.५	६२.५	
२.७.१५.११६५	वार्षिक स्वीकृत कार्यक्रम कार्यान्वयन अभिमुखिकरण कार्यक्रम	२२५२२	पटक	२	०.१५	४	१	०.०७५	२.९१९४७	७२.९८७	५०	
२.७.१५.१२८३	कृषि सम्वन्धी ऐन, नियम र कार्यविधि तर्जुमा सम्वन्धी सरोकारवालाहरुसँग बैठक	२२५२२	पटक	४	०.३७	१०		०.१५३९	४.१५८	४१.५८	४१.५८	
२.७.१५.१३१२	विभिन्न समयमा पशुपञ्छी/कृषि बालीमा देखा पर्ने रोग/किरा नियन्त्रणको लागि सञ्चार माध्यमहरु मार्फत् प्रचार प्रसार	२२५२२	पटक	५०	०.१९	५		०.१२१२	३.१८९४४	६३.७८९	६३.७८९	
२.७.१५.१३६३	आ.व. २०८०/८१ को वार्षिक प्रगति प्रतिवेदन पुस्तिका प्रकाशन	२२५२२	पटक	१	०.१५	४		०.००४७	०.१२४३	३.१०७५	३.१०७५	
२.७.१५.१४२५	प्रदेश कृषि डायरी तयार गरी प्रकाशन गर्ने	२२५२२	संख्या	१	०.१९	५	०	०	०	०	०	
२.७.१५.१४२८	पत्रकारहरुसँग छलफल, अन्तरक्रिया तथा Press Meet	२२५२२	पटक	४	०.०४	१		०.००५६	०.१४	१४	१४	
२.७.१५.१४२६	विभिन्न संघ संस्थाहरुले सञ्चालन गर्ने कृषि, पशुपन्छी तथा मत्स्य सम्बन्धि मेला, दिवस, महोत्सव, गोष्ठी, Conference) कार्यक्रममा सहयोग गर्ने	२२५२२	पटक	२०	०.७४	२०		०.५५८६	१५.०९७५५	७५.४८८	७५.४८८	
२.७.१५.१४४५	प्रदेश मल वितरण व्यवस्थापन समितिको बैठक सञ्चालन	२२५२२	पटक	२०	०.१५	४		०.०६६३	१.७६८	४४.२	४४.२	
२.७.१५.१४५२	कृषि क्षेत्रमा विपदवाट क्षति पुगेका कृषकलाइ राहत वितरण कार्यक्रम	२२५२२	पटक	४	१८.५१	५००		४.५२०६	१२२.११२२	२४.४२२	२४.४२२	

क्र.स.	कार्यक्रम / क्रियाकलाप	खर्च शीर्षक	इकाई	वार्षिक लक्ष्य			वार्षिक प्रगति			वार्षिक प्रगति प्रतिशत		कैफियत
				परिमाण	भार	बजेट	परिमाण	भारित प्रगति	खर्च	वित्तिय	भारित	
२.७.१५.१४९८	कृषि सहुलियतपूर्ण कर्जा (ब्याज अनुदान)	२२५२२	पटक	१	२.४१	६५		०.०१३४	०.३६१०२	०.५५५४	०.५५५४	
२.७.१५.१४९५	कृषि दूत मार्फत कृषि कार्यक्रम प्रचार प्रसार	२२५२२	पटक	२	०.१९	५	२	०.१९	४.९८००३	९९.६०१	१००	
२.७.१८.५३८	जनचेतनामुलक ब्रोसर, कार्ड तथा बुलेटिन प्रकाशन (सिमाविहिन रोग,जुनोटिक रोग तथा अन्य महामारीजन्य रोग, AMR, One Health,जैविक सुरक्षा)	२२५२२	पटक	४	०.२२	६		०.०९९६	२.७१६८	४५.२८	४५.२८	
२.७.१८.५६०	बागमती प्रदेशमा फैलिरहेका सिमाविहिन रोगहरुको Epidemiological अध्ययन र विश्लेषण	२२५२२	पटक	१	०.१९	५	०	०	०	०	०	
२.८.१.५६	कृषि सम्वन्धी कार्यक्रमहरुको विशेष अनुगमन कार्यक्रम	२२६११	पटक	१२	०.३७	१०.०८	१२	०.३७	१०.०८	१००	१००	
२.८.१.५७	पशुपञ्छी/मत्स्य सम्वन्धी कार्यक्रमहरुको विशेष अनुगमन कार्यक्रम	२२६११	पटक	१२	०.३७	१०.०८	१२	०.३७	१०.०७८५	९९.९८५	१००	
२.८.१.६४	कार्यक्रम अनुगमन तथा निरिक्षण खर्च	२२६११	पटक	१२	०.५	१३.४४	१२	०.५	१३.४४	१००	१००	
२.८.२.१०	सरूवा तथा अन्य कार्यको लागि आन्तरिक भ्रमण खर्च	२२६१२	पटक	१२	०.१४	३.७१	१२	०.१४	३.७०९५४	९९.९८८	१००	
२.९.२.२	सवारीहरुको वीमा तथा नविवरण गर्ने	२२२१४	पटक	२०	०.३	८		०.२६७	७.१२	८९	८९	
२.९.८.१	स्वागत तथा अतिथि सत्कार खर्च	२२७११	पटक	१२	०.२२	६		०.१९४४	५.३०१८७	८८.३६५	८८.३६५	
२.९.८.२	अन्य विविध खर्च	२२७११	पटक	१२	०.३३	९		०.३२३३	८.८१७०६	९७.९६७	९७.९६७	
२	राष्ट्रिय वार्षिक कृषि सर्वेक्षण कार्यक्रम					५						
२.६.६.२६९	प्रदेशस्तरीय कृषि तथ्याङ्क भ्यालिडेशन गोष्ठी	२२५१२	पटक	१	०.१९	५	०	०	०	०	०	
ख) चालु खर्च कार्यक्रमको जम्माः				१९४६०	५२.८८	१४२७		२५.४०९	६८१.१८	४७.७४२	४८.०५	
कुल जम्मा खर्च				१९४९२	१००.१	२७०१		४१.९९२	१००९.५०८	३७.३८१	४१.९६	

२.३ आ.व. २०८१/८२ मा सञ्चालनमा रहेका बहुवर्षीय आयोजनाको प्रगति विवरण

रकम (रु. हजारमा)

क्र.सं.	कार्यालयको नाम	आयोजनाको नाम	कुल अवधि (वर्ष)	कुल लागत	आ.व. २०८१।८२ सम्मको खर्च	आ.व.२०८१।८२ को		आ.व. २०८१।८२ को प्रगती (%)		कैफियत
						बजेट	खर्च	भौतिक	वित्तीय	
२	कृषि तथा पशुपन्छी विकास मन्त्रालय, हेटौंडा	भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, चितवनको परिसरमा आधुनिक भेटेरिनरी अस्पताल निर्माण	२	९३३७५	६२३५४.६३	२५०००	११८३८.६३	९५	४७.४	
३	प्रदेश दुग्ध विकास बोर्ड, हेटौंडा	मकवानपुर जिल्लामा दुध पाउडर प्लान्ट निर्माण	३	३३७१२८.३७६	३२१०५०.७१५	२१५००	२०४८३	१००	९५.३	
४	कृषि विकास निर्देशनालय, हेटौंडा	हेटौंडा उपमहानगरपालिका सँगको सहकार्यमा प्रादेशिक कृषि थोक बजार निर्माण	३	३३७१२८.३७६	३२१०५०.७१५	२१५००	२०४८३	१००	९५.३	
५	कृषि तथा पशुपन्छी विकास मन्त्रालय, हेटौंडा	फलफूल तथा तरकारी भण्डारणका लागि साझेदारीमा शीत भण्डार निर्माण	५	११७३०००	७६३५९२	६००००	३०८.४६४	८६	०.५१	

२.४ आ.व. २०८१/०८२ को कार्यालयगत वित्तीय प्रगति विवरण

सि.नं.	कार्यालयको नाम	बार्षिक विनियोजित बजेट रु हजार			बार्षिक खर्च रु हजार			बार्षिक वित्तीय प्रगति प्रतिशत	कैफियत
		प्रदेश कार्यक्रम	संघ सशर्त अनुदान	जम्मा	प्रदेश कार्यक्रम	संघ सशर्त अनुदान	जम्मा		
१	कृषि तथा पशुपन्छी विकास मन्त्रालय	२७००६०	४४०	२७०५००	१००९५०.	३६.९	१००९८६.९	३७.३३३	
२	प्रदेश दूग्ध विकास बोर्ड	६९८३६		६९८३६	३२५४८.		३२५४८.	४६.६	
३	कृषि विकास निर्देशनालय	२२३०५९	२४५५३८	४६८५९७	१२३३९८.	२४५२६.०८	१४७९२४.०८	३१.५६	
४	पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय	१४३४३९	१२५०	१४४६८९	९४२७४.		९४२७४.	६५.१५६	
५	कृषि तालिम केन्द्र, भण्डारा	२९५४४		२९५४४	२४८२०.		२४८२०.	८४.०१	
६	प्रदेश बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्र, हेटौंडा	३७६२५	९६००	४७२२५	२६२७०.	८७५८.३९	३५०२८.३९	७४.१७३	
७	कृषि विकास कार्यालय, नुवाकोट	७५७९८	९५०	७६७४८	६१८९१.७४	९३१.२९	६२८२३.०३	८१.८५६	
८	कृषि विकास कार्यालय, धादिङ	९०७०६	९५०	९१६५६	७४२३९.८९	९४३.३	७५१८३.१९	८२.०२८	
९	कृषि विकास कार्यालय, ललितपुर	१२५६५०	२८५०	१२८५००	९१७५४.४४	२१४९.७९३	९३९०४.२३	७३.०७	

सि.नं.	कार्यालयको नाम	बार्षिक विनियोजित बजेट रु हजार			बार्षिक खर्च रु हजार			बार्षिक वित्तीय प्रगति प्रतिशत	कैफियत
		प्रदेश कार्यक्रम	संघ सशर्त अनुदान	जम्मा	प्रदेश कार्यक्रम	संघ सशर्त अनुदान	जम्मा		
१०	कृषि विकास कार्यालय, काभ्रे	११२४३६	९५०	११३३८६	८२३८३.०५	४५२.५५२	८२८३५.६	७३.०५	
११	कृषि विकास कार्यालय, रामेछाप	९९९००	१९००	१०१८००	८३३५३.५५	१९००	८५२५३.५५	८३.७४	
१२	कृषि विकास कार्यालय, सिन्धुली	७०९२९	९५०	७१८७९	४९८५४.१५	०	४९८५४.१५	६९.३५	
१३	कृषि विकास कार्यालय, चितवन	१४३५६०	९५०	१४४५१०	१०३००५.०२	४९९.८५	१०३५०४.८७	७१.६२	
१४	व्यवसायिक किट विकास फार्म, धुनिवेशी, धादिङ	१८१५५		१८१५५	१५७६०.०९		१५७६०.०९	८६.८	
